**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - १८**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार १० गते मंगलबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको अठारौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई आफ्ना भनाइ राख्न समय दिनुभयो :

**मा. अनिता देवकोटा**ले सर्लाहीमा विप्लव समूहसँग आबद्ध भएकै कारण कुमार पौडेललाई मुठभेडको नाटक गरी हत्या गरिएको सुन्नमा आएकोले समस्यालाई वार्ता र संवादको माध्यमबाट समाधान गर्न सरकारलाई आग्रह गर्नुभयो ।

**मा. इन्दु कडरिया**ले कञ्चनपुर जिल्लाको बेलौरी न.पा.-८, पचवीमा बाह्र सय मिटर हुलाकी सडक बन्दै गर्दा भारतीय एसएसबीले अवरोध पुऱ्याएकोले सोको सत्यतथ्य पत्ता लगाई काम सुचारु गर्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. उदया शर्मा पौडेल**ले निजी क्षेत्रबाट सञ्चालित अस्पताल, नर्सिङ होम, कलेज आदिले सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक समेत नदिई चरम श्रम शोषण गरेको तथ्य उजागर गर्दै सबै नर्स तथा स्वास्थ्यकर्मीको पारिश्रमिक अनिवार्य रूपमा बैंक खातामा जम्मा हुने व्यवस्था गर्न सरकारको ध्यानाकृष्ट गराउनुभयो ।

**मा. कमला कुमारी ओली**ले यातायात क्षेत्रमा सिण्डिकेट अन्त्य भइसक्दा पनि काठमाडौंका ट्याक्सी चालकहरू सरकारको नीति अनुरूप नचलेकाले यसतर्फ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. खिम कुमार विश्वकर्मा**ले चालु आ.व. को बजेट भाषणमा गर्भवती महिलाहरूका लागि हिमाल, पहाड तथा तराईमा क्रमश: तीन हजार, दुई हजार र एक हजारका दरले प्रदान गर्ने भनिएको भत्ता कतिपय जिल्लामा हालसम्म पनि नपाएको सुन्नमा आएकोले यसतर्फ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. चक्रप्रसाद स्नेही**ले 'गलबन्दी' जस्तो चर्चित गीत गाएर राष्ट्रको ध्यानाकर्षण गराउन सफल कलाकार प्रकाश सपूत र शान्ति श्री परियारका विरुद्ध मिडिया र शम्भु राई लागी परेकाले दलितहरूले गरेका उल्लेखनीय कार्यका विरुद्ध राज्य किन परिचालन हुन्छ भन्ने प्रश्न गर्नुभयो ।

**मा. तारादेवी भट्ट**ले अहिले गर्मीको समयमा तराईमा सर्पदंशको समस्या रहेको उल्लेख गर्दै स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको गुणस्तरीयता र सुनिश्चितताको सम्बन्धमा सरकारले के-कस्तो योजना बनाएको छ भन्ने जिज्ञासा राख्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

**मा. काली बहादुर मल्ल**ले सर्लाहीमा भएको कुमार पौडेलको हत्या वा मुठभेडको क्रममा मृत्यु भएको हो भन्ने सम्बन्धमा छानविन समिति बनाएकोमा सरकारलाई धन्यवाद दिनुहुँदै राज्यको मूलधारबाट बाहिर रहेका शक्तिहरूलाई वार्ता र संवादबाट निकास खोज्न सरकारको ध्यानाकृष्ट गराउनुभयो ।

**मा. प्रकाश पन्थ**ले लोकसेवा आयोगको विज्ञापन समावेशी चरित्रको नभएको भन्दै सरोकारवालाहरूको ध्यानाकर्षण भएको तथा सरकारले समयमा नै ध्यान पुऱ्याउन नसक्दा लोकसेवा आयोग समेत विवादमा परेको बताउनुहुँदै वर्षा यामसँगै हावाहुरी र बाढी-पहिरोको समस्या देखा परेकोले यसतर्फ सरकारले केकस्तो तयारी गरेको छ भन्ने प्रश्न गर्नुभयो ।

**मा. खेमराज नेपाली**ले कलाकार प्रकाश सपूत र शान्ति श्री परिवारद्वारा गाइएको गीत 'गलबन्दी' मा शम्भु राईले आफूले पहिल्यै गाएको गीतको भाका चोरी भयो भनी प्रश्न गरेपछि केही मानिसहरूले प्रकाश सपूतलाई आधार बनाएर सिङ्गो कथित दलित समुदायलाई अपमान गर्ने ध्येयले मिडिया र फेसबुकमा अभिव्यक्ति प्रस्तुत गर्नु आपत्तिजनक रहेको बताउनुभयो ।

**मा. वृषेशचन्द्र लाल**ले जनकपुर उपमहानगरपालिकामा एडीबी (एसियाली विकास बैंक) को सहयोगमा एकीकृत शहरी विकास योजना अन्तर्गत शहरको विस्तारबाट पीडित जनकपुरवासीले आफ्नो जग्गाको मुआब्जा पाउने हुन् या होइनन् भन्ने सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामपृत पासवान**ले लोकतन्त्रमा बोल्न पाइने तर बोलेको कुरा सम्बन्धित पक्षले नसुन्ने हो भने बोल्नुको कुनै अर्थ नहुने बताउनुहुँदै दलित तथा सीमान्तकृत समुदायको आवाज सरकारले नसुनेकोतर्फ सरकारको ध्यानाकृष्ट गराउनुभयो ।

**मा. बद्री प्रसाद पाण्डे**ले सर्लाहीमा विप्लव समूहको कार्यकर्ता कुमार पौडेलको हत्या सम्बन्धमा तत्काल न्यायिक आयोग गठन गरी निष्पक्ष छानविन गरेर जनतालाई सत्यतथ्य जानकारी गराउनुपर्ने माग गर्नुभयो । त्यसैगरी उहाँले कृषि क्षेत्रमा कार्यरत करिब तीन हजार करारका प्राविधिक कर्मचारीहरूलाई स्थायी व्यवस्था नभएसम्मका लागि निरन्तर रूपमा काम गर्ने प्रबन्ध मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामलखन चमार**ले कृषि उत्पादनलाई दोब्बर बनाउने लक्ष्यकासाथ सरकार अगाडि बढिरहेको तर नवलपरासीका उखु किसानले उखुको भुक्तानी नपाएको विषय उठान गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथि सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुहुँदै उक्त छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो :

१. मा. राधेश्याम अधिकारी　　२. मा. रामनारायण विडारी

३. मा. प्रकाश पन्थ　　४. मा. ठगेन्द्र प्रकाश पुरी

५. मा. वृषेशचन्द्र लाल　　६. मा. विमला राई पौड्याल

७. मा. बद्री प्रसाद पाण्डे　　८. मा. जीवन बुढा

तत्पश्चात्, सम्माननीय अध्यक्षले “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई छलफलमा माननीय सदस्यहरूले उठान गर्नुभएका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६” माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्नसक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई “गुठी विधेयक, २०७५ लाई फिर्ता गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालले पेश गर्नुभएको “गुठी विधेयक, २०७५ लाई फिर्ता गरियोस्” भन्ने प्रस्तावमाथि कुनै पनि माननीय सदस्यबाट विरोध नभएको जानकारी गराउँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल असार ११ गते बुधबार** विहान ११:०० बजे बस्ने गरी **दिनको ३:१० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव